# खुम्बु पासाङल्हामु गाउँपालिका
## गाउँ सभाको १५ औं अधिवेशन

अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूबाट प्रस्तुत
वार्षिक नीति तथा कार्यक्रम

**सम्मानित सभाका सदस्यज्यूहरु**

**प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत उपस्थित सम्पूर्ण कर्मचारीहरु**

- देशमा लोकतान्त्रिक सङ्घीय शासन व्यवस्था स्थापनाका लागि बलिदानपूर्ण आन्दोलनहरुमा सहादत प्राप्त गर्नु हुने वीर शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । आन्दोलनमा घाइते भएका/ अपाङ्गता हुनु भएका एवं आन्दोलनलाई दिशानिर्देश गर्नु हुने आदरणीय नेता एवं समस्त नेपाली जनता प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।
- नेपाली जनताको बलिदानपूर्ण विभिन्न चरणका आन्दोलनहरुबाट प्राप्त वर्तमान सङ्घीय शासन व्यवस्थाको आधार स्तम्भको रुपमा रहेको जनताको सबैभन्दा नजिक रहेको स्थानीय सरकारसँग जनतामा अपेक्षा बढ्दै जानु स्वभाविक हो। सीमित स्रोत र साधनबाट जनताका बढ्दै गएका आवश्यकताहरु परिपूर्ति गर्नु आफैंमा एउटा चुनौतिपूर्ण कार्य हो। तथापि गाउँपालिकाबाट बहुआयामिक र बहुक्षेत्रगत कार्यको संयोजन गरी जनतालाई वास्तविक रुपमा प्रभावित पार्ने र कार्यान्वयनयोग्य नीति तथा कार्यक्रम तर्जुमा गर्न हामी सबै जनप्रतिनिधिहरु र कर्मचारीहरु प्रतिबद्ध रहेको व्यहोरा जानकारी गराउँदछु ।
- यस गाउँपालिकाका जनप्रतिनिधिहरुको दोस्रो कार्यकालको नेतृत्वमा जनताले हामीलाई निर्वाचित गरेपछिको दुई आर्थिक वर्षको समाप्तिसँगै विकास निर्माणमा सहयोग गर्नुहुने सङ्घीय सरकार, प्रदेश सरकार, राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजी क्षेत्र, गैर सरकारी सङ्घ/संस्था, टोल विकास संस्थाहरु तथा आम जनसमुदायको रचनात्मक एवं सिर्जनात्मक सहयोगको उच्च प्रशंसा गर्दै आगामी दिनमासमेत सोही अनुसारको सहयोगको अपेक्षा गरिएको व्यहोरा अनुरोध गर्न चाहन्छु।
- **"अनुपम पर्यापर्यटकीय गन्तव्य: समृद्ध खुम्बुको लक्ष्य "** भन्ने नारालाई आत्मसात् गर्दै समग्र गाउँपालिका क्षेत्र भित्रका विकासका कार्यहरुसँगै आम जनताका उच्च अपेक्षाहरुको सम्बोधन गरी अगाडि बढ्न हामी जनप्रतिनिधिहरु र कर्मचारीहरु सदैव तत्परताका साथ लागि पर्ने प्रण गर्न चाहन्छौं।
- विकासको क्रममा पछाडि परेका वर्ग, क्षेत्र र समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारीको अवसर सृजना गर्ने, कृषि क्षेत्रको व्यावसायीकरण र आधुनिकीकरण गर्ने, सुशासन प्रबर्द्धन गरी सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन क्षेत्रको विकास गर्दै यसबाट प्राप्त लाभ सबै क्षेत्रसम्म समानुपातिक तरिकाबाट पुऱ्याउने, वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी अभिबृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणसहित अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भए बमोजिमका कानून निर्माण तथा कार्यान्वयन गर्ने तर्फ यस वर्षका नीति तथा कार्यक्रमहरु लक्षित गरिएको व्यहोरा अनुरोध गर्न चाहन्छु।

**अब म आगामी आर्थिक वर्ष २०८१/०८२ का प्रमुख नीतिहरु सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**क. आर्थिक विकास**

**१ कृषि विकास सम्बन्धी नीति**

१.१ उन्नत जातको बीउ बिजन, आधुनिक कृषि प्रविधि, कृषिसँग सम्बन्धित प्राविधिक जनशक्ति उपलब्ध गराई कृषि क्षेत्रको व्यवसायिक उत्पादन र उत्पादकत्व बृद्धि गरिने छ।

१.२ उत्पादनोपरान्त क्षति न्यूनीकरण गर्न शीत भण्डारण, सङ्कलन केन्द्र सहितको बजार व्यवस्थापन, प्रशोधन तथा बिक्री केन्द्र स्थापना गर्न सहयोग उपलब्ध गराइने छ।

१.३ माटोको स्वास्थ्य रक्षा गर्न, उत्पादकत्व बढाउन, रासायनिक मल तथा विषादीलाई निरुत्साहित गर्न र कृषि बालीमा लाग्ने रोग तथा कीरा नियन्त्रणका लागि जैविक झोलमोल तथा जैविक विषादीको प्रयोगमा जोड दिइने छ।

१.४ अन्य सङ्घ संस्थाको सहकार्यमा बहुउद्देश्यीय सामुदायिक नर्सरी स्थापना गरी सञ्चालनमा ल्याइने छ ।

१.५ व्यवसायिक कृषकहरुलाई लगानी सुरक्षाको लागि उत्पादनमा आधारित कृषि अनुदानको व्यवस्था गरिने छ।

१.६ माटोको दीगो व्यवस्थापनका लागि माटोमा रहेको अम्लीयपना न्यूनीकरण गर्न कृषि चुनको प्रयोगमा जोड दिइने छ।

१.७ बेमौसमी तरकारी उत्पादनका लागि प्लाष्टिक टनेल निर्माणमा जोड दिइने छ।

१.८ कृषकहरुको माग र आवश्यकतालाई मध्यनजर गर्दै मागमा आधारित कृषि विकास कार्यक्रम सञ्चालन गरिने छ।

**२. पशु विकास सम्बन्धी नीति**

२.१ उत्पादन र उत्पादकत्व बढाउन किसानलाई उन्नत नश्लको पशुहरुको सहज उपलब्धतामा जोड दिइने छ।

२.२ पशुपञ्छीहरुको लागि आवश्यक आन्तरिक तथा बाह्य परजिविहरुको औषधी तथा बाँझोपन भएका पशुहरुको रोग पहिचान गरी आवश्यक औषधी पशु बन्ध्याकरण सेवा कार्यालयबाट निःशुल्क प्रदान गर्ने व्यवस्था मिलाइने छ।

२.३ माप्य दूधकोशी सङ्गको साझेदारीमा व्यवस्थित बधशाला स्थापना गरी सफा, स्वच्छ मासु तथा मासुजन्य पर्दाथको गुणस्तर सुनिश्चित गरिनेछ ।

२.४ पशुपञ्छीहरुलाई लाग्ने विभिन्न महामारीजन्य रोगहरुबाट बचाउन आवश्यक खोपको व्यवस्था मिलाइने छ।

२.५ सामाजिक छाडा कुकुरहरुको नियन्त्रण कार्यलाई निरन्तरता दिइने छ ।साथै रेबिज रोग नियन्त्रणका लागि सबै वडाहरुमा कुकुर बिरालोहरुको लागि निःशुल्क रेबिज बिरुद्धको खोप तथा बन्ध्याकरण कार्यक्रम सञ्चालनमा ल्याइने छ।

२.६ याक, नाक तथा चौंरीपालक कृषकहरुलाई विशेष प्रोत्साहनका साथै उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइने छ।

२.७ पशु उपचार तथा रोग निदान कार्यलाई प्रभावकारी बनाउन पशु स्वास्थ्य शिविरको सञ्चालन गरिने छ ।

**३. श्रम तथा रोजगार**

३.१ आ. व. २०८१/०८२ मा बेरोजगार व्यक्तिहरुलाई सूचीकरण गरी न्यूनतम १०० दिन बराबरको रोजगार उपलब्ध गराइने छ ।

३.२ भरिया आवास गृह निर्माण गरिने छ ।

३.३ निर्माणस्थलमा हुनसक्ने सम्भावित दुर्घटनालाई मध्यनजर गर्दै कामदारको दुर्घटना वीमाको व्यवस्था मिलाइने छ ।

३.४ गाउँपालिकामा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको एवं सीपमूलक तालिमको व्यवस्था मिलाइने छ।

३.५ गाउँपालिकामा रोजगारी सिर्जना र उत्पादन तथा उत्पादकत्व अभिबृद्धिका लागि नतिजामा आधरित प्रोत्साहन कार्यक्रम कार्यान्वयनमा ल्याइने छ ।

**४. पर्यटन सम्बन्धी नीति**

४.१ खुम्बु क्षेत्रको समग्र पर्यटन नीति तथा दिर्घकालीन योजना निर्माण गरी लागु गरिनेछ।

४.२ ट्रेक कार्ड प्रणालीमा सुधार गरिने छ। पर्यटकहरुको सुरक्षा व्यवस्थापन र प्रबर्द्धनको लागि पर्यटक सहायता कक्ष सञ्चालनमा ल्याइने छ।

४.२ होटेल, लज, रेस्टुरेन्टको मापण्ड निर्धारण गरी वर्गीकरणमा आधारित मूल्य सूची लागु गरिने छ ।बजार अनुगमन तथा निरीक्षणलाई समन्वयात्मक रुपमा अगाडि बढाइने छ ।

४.३ स्थानीय कला सँस्कृतिको संरक्षण र प्रबर्द्धनका लागि स्थानिय भाषा, नृत्य, भेषभूषा तथा सामग्रीको संरक्षण एवं प्रबर्द्धनका कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ ।

४.४ बजार अनुगमन, सडक सुरक्षा तथा पर्यटकहरुको सुरक्षाका लागि नगर प्रहरी भर्ना गरी परिचालन गरिने छ ।

४.५ पर्यटकहरुलाई पर्यटन सम्बन्धी सूचना सहज रुपमा उपलब्ध गराँउन Digital Display बोर्डहरुको व्यवस्था मिलाइने छ ।

४.६ गुम्बा लगायत अन्य पर्यटकीय गन्तव्यहरूको संरक्षण तथा प्रचार प्रसारमा विशेष जोड दिइने छ।

४.७ पर्यटन प्रबर्द्धनमा सङ्घ,प्रदेशस्तरीय निकायहरु एवं गैर सरकारी संस्थाहरुसँगको समन्वयमा विशेष जोड दिइने छ।

४.८ स्थानीय वास्तुकलाको प्रबर्द्धन गर्न परम्परागत शैलीमा निर्माण गर्ने घरलाई प्रोत्साहित गरिने छ।

४.९ पर्यटन क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्नका लागि पर्यटक गाईड तालिम, फुड एण्ड विभेरेज तालिम, असिस्टेन्ट गाइड तालिम तथा पर्वतारोहण तालिमको व्यवस्था गरिने छ।

४.१० गाउँपालिकाभित्र पर्यटन क्षेत्रमा लगानि गर्न चाहने ठूला लगानी कर्ताहरूलाई बिशेष प्रोत्साहन गरिनेछ ।

**ख. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

**५. सुशासन तथा संस्थागत विकास समितिका नीतिहरू**

५.१ सुशासन अभिवृद्धिका लागि कानुनी अनुशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।

५.२ सङ्घ तथा प्रदेशसँगको सहकार्यमा न्यायिक समितिको कार्यसम्पादनलाई प्रभावकारी बनाउन न्यायिक समितिको व्यवस्थापन तथा कार्यक्षमता अभिबृद्धिका लागि तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाइने छ ।

५.३ गाउँपालिकाको वस्तुगत डिजिटल प्रोफाईललाई अद्यावधिक गर्दै लगिने छ । यसलाई गाउँपालिकाको योजना निर्माणको आधारका रुपमा विकसित गरिने छ ।

५.४ सम्पादन भएका योजना तथा कार्यक्रमहरूको सार्वजनिक सुनुवाई र सार्वजनिक लेखा परीक्षण अनिवार्य रुपमा गर्ने व्यवस्था मिलाइने छ ।

५.५ सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख सङ्कलन, संरक्षण र प्रभावकारी व्यवस्थापन गरिने छ।

५.६ स्वीकृत रिक्त रहेका दरबन्दीमा पदपूर्तिको प्रक्रिया अघि बढाइने छ भने कार्यालयबाट प्रवाह गरिने सेवालाई निष्पक्ष, मितव्ययी, चुस्त, पारदर्शी तथा प्रभावकारी बनाउनका लागि नागरिक बडापत्र निर्माण गरी पूर्ण रूपमा कार्यान्वयनमा ल्याइने छ।

५.७ सुशासनको प्रबर्द्धनका लागि आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण पालना गरिनुका साथै गाउँपालिका, वडा कार्यालय, जनप्रतिनिधि तथा कर्मचारीहरूको कार्यसम्पादन स्तरलाई उच्च बनाउन सदाचार तथा उच्च नैतिकतामा जोड दिइने छ ।

५.८ सुशासन तथा संस्थागत क्षमता अभिबृद्धि गर्नका लागि कार्यालयबाट प्रवाह हुने सेवालाई पारदर्शी, वस्तुनिष्ठ र प्रभावकारी बनाउनका लागि आवश्यक ऐन, कानून, नियमावली तथा कार्यविधिको निर्माण तथा त्यसको उच्चतम् प्रयोगका लागि लाभग्राही समूह तथा कर्मचारीहरूलाई कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

५.९ सगरमाथा राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, अन्य सरकारी निकाय लगायत निजी क्षेत्र, गैर सरकारी सङ्घ, संस्था तथा साझेदार निकायको पहिचान गरी सहकार्य र समन्वयमा आधारित कार्य सम्पादन प्रक्रियालाई अवलम्बन गरिने छ ।

५.१० प्रविधिको अधिकतम् उपयोग गर्दै अनलाईन प्रणालीको प्रयोग गरी राजश्व, कर, शुल्क सङ्कलन गर्न कर्मचारीलाई तालिम प्रदान गरिने छ भने करदाता शिक्षा कार्यक्रम, अभिमुखीकरण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी नागरिकमा कर तिर्ने बानीको विकास गरिने छ ।

५.११ खुम्बु पासाङल्हामु गाउँपालिकालाई आधार क्षेत्र बनाई कार्यक्रम सञ्चालन गर्ने सम्पूर्ण गैर सरकारी सङ्घ/संस्थाहरुलाई अनिवार्य रूपमा गाउँपालिकामा सूचीकरण हुनु पर्ने व्यवस्था मिलाइने छ ।

५.१२ सहयोग दिने र सहयोग लिने सङ्घ/संस्था तथा निकायले गाउँपालिकाको अनुमति लिनु पर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिने छ।

५.१३ अन्तर स्थानीय तह छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिने छ । लागत साझेदारी तथा द्विपक्षीय सम्झौता तथा लगानीमा सञ्चालन गर्न सकिने योजना तथा कार्यक्रमको पहिचान गरी कार्यान्वयनको व्यवस्था मिलाइने छ ।

५.१४ गाउँपालिकाबाट प्रवाह गर्ने सेवालाई निष्पक्ष, पारदर्शी, सेवामैत्री तथा मितव्ययी बनाउन गाउँपालिका मातहतका सबै निकायमा कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीको अबलम्बन गरिने छ ।

५.१५ गुनासो व्वस्थापन प्रणालीको प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ। सूचना प्रवाह गर्ने प्रक्रियालाई चुस्त र प्रविधिमैत्री बनाइने छ ।

५.१६ गाउँपालिका क्षेत्र भित्र रहेका टोल विकास संस्था, युवा समूह, महिला समूहको क्षमताबृद्धिका लागि तालिम, प्रशिक्षण तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।

५.१७ जनप्रतिनिधि, टोल विकास समिति तथा कर्मचारीको अन्तर स्थानीय तह अध्ययन, भ्रमण तथा अवलोकन कार्यक्रमलाई थप फलदायी बनाइने छ ।

५.१८ कालोबजारी, ठगी, कार्टेलिङ तथा कृत्रिम अभाव सिर्जना गर्ने जस्ता समस्याको समाधान गर्नका लागि नियमित रूपमा बजार अनुगमन गरिने छ। खाद्य पदार्थको गुणस्तर सुनिश्चितताको आवश्यक प्रबन्ध मिलाइने छ।

५.१९ गाउँपालिकाको वर्तमान संगठन संरचनालाई समयानुकुल र सेवामूलक बनाउन संगठन संरचनामा आवश्यक हेरफेर गरिने छ । संगठन सञ्चालनमा सूचना प्रविधिको प्रयोगमा जोड दिइने छ ।

५.२० विभिन्न दातृ निकाय/सङ्घ संस्थासँगको साझेदारीमा काम गर्न आवश्यक समपूरक कोषको व्यवस्था गरिने छ।

५.२१ यसै वर्षदेखि सम्पत्ति कर लागू गरिने छ । घर नक्सा अभिलेखीकरण कार्यलाई कार्यविधिमा आधारित रही अभियानको रुपमा सञ्चालन गरिने छ ।

## ग. सामाजिक विकास

### ६. शिक्षा, यूवा तथा खेलकूद सम्बन्धि नीति

६.१ यसै आर्थिक वर्षमा स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयनमा ल्याइने छ।

६.२ वडा नम्बर ४ र ५ मा सञ्चालित विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई हाजिरीको आधारमा प्रोत्साहन भत्ताको व्यवस्था मिलाइने छ।

६.३ मागमा आधारित विद्यालय पूर्वाधार निर्माण कार्यक्रमलाई निरन्तरता दिइने छ।

६.४ कक्षा ४ देखि ९ सम्मको पालिका स्तरीय परीक्षा व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गरिने छ।

६.५ स्वर्गीय ङिम दोर्जी शेर्पा स्मृति कप भलिबल, राष्ट्रिय विभूति पासाङल्हामु शेर्पा कप भलिबल, राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता र ल्होसार कप फुटबललाई निरन्तरता दिइने छ।

६.६ शिक्षक विद्यार्थी अनुपात तथा अन्य विद्यालयको अवस्थिती समेतको आधारमा विद्यालय मर्ज गर्ने तथा नयाँ कक्षा थपको अनुमति प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

६.७ हरेक शुक्रबार विद्यार्थीहरूको शारीरिक तथा बौद्धिक क्षमता पहिचान तथा प्रोत्साहनका लागि अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिने छ।

६.८ बालबिकास सहजकर्ताहरुको क्षमता अभिबृद्धि तालिमको व्यवस्था गरिने छ।

६.९ विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि SIP तथा चेकलिष्टमा आधारित अनुगमन मूल्याङ्कन प्रणालीलाई कार्यान्वयनमा ल्याइने छ ।

६.१० विद्यालय स्तरमा अतिरिक्त प्रतियोगितात्मक क्रियाकलाप सञ्चालनमा जोड दिइने छ ।

६.११ यस गाउँपालिकाका स्थानीय विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि १ घण्टा भन्दा बढी हिड्नु पर्ने अवस्था भइ छात्रबासमा बसेर अध्ययन गर्ने र जेहन्दार विद्यार्थी प्रत्येक कक्षामा प्रथम द्वितीय र तृतीय हुने विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता प्रदान गरिने छ ।

६.१२ बालबिकास सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई थप प्रोत्साहन भत्ता दिइने छ ।

६.१३ IEMIS सम्बन्धी काम गर्ने शिक्षकहरुलाई पुनर्ताजगी तालिम प्रदान गरिने छ ।

६.१४ गाउँपालिकामा खेलकूद क्षेत्रको विकासका लागि विभिन्न खेलकूद प्रशिक्षण र खेलकूद प्रतियोगितालाई बढावा दिइने छ ।

६.१७ गाउँपालिका भित्र अनलाईन शिक्षण पद्धतिको विकास गरिने छ।

६.१८ गैर सरकारी संस्थाबाट उपलब्ध गराउँदै आएको छात्रवृति, शिक्षक तलब र अन्य सहयोग पालिकाको एकद्वार प्रणाली मार्फत कार्यान्वयन गरिने छ।

६.१९ बौद्ध शिक्षा प्रबर्द्धन र विकासको लागि गुम्बाहरुलाई आवश्यक सहयोगको व्यवस्था मिलाइने छ।

६.२० विद्यालय क्षेत्र वरपर जङ्क फुड प्रतिबन्ध गरिने छ ।

६.२१ स्पोर्टस् टुरिजम तथा साहसिक खेलकूदको सम्भाव्यता अध्ययन गरिनेछ ।

**७. स्वास्थ्य**

७.१ सबै स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने निःशुल्क स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइने छ।

७.२ गाउँपलिकाभित्र स्थायी बसोबास गर्ने नागरिक तथा राष्ट्रसेवक कर्मचारीहरुको स्वास्थ्य उपाचारको लागि हवाई उद्धारको व्यवस्था मिलाइने छ ।

७.३ खरिखोला सामुदायिक अस्पताललाई गाउँपालिकाको आधारभूत अस्पतालको रुपमा सञ्चालनमा ल्याइने छ ।

७.४ यस आर्थिक वर्षदेखि गाउँपालिकाबाट टेलिमेडिसिन स्वास्थ्य सेवाको सुरूवात गरिने छ।

७.५ गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने नागरिकहरुको स्वास्थ्य परीक्षणका लागि विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

७.६ सुत्केरी भेट कार्यक्रमलाई निरन्तरता दिइने छ।

७.७ गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरुलाई निःशुल्क टिःटी, रेबिज तथा हेपाटाईटीस खोप सेवा उपलब्ध गराइने छ ।

७.८ स्वास्थ्य वीमा कार्यक्रम कार्यान्वयन गरिने छ ।

७.९ विपन्न नागरिक औषधोपचार कार्यक्रमलाई नेपाल सरकारका अन्य संस्थाहरुले अनुशरण गरेको कार्यविधि अनुरुप तादम्यता कायम हुने गरी सुधार गरिने छ ।

७.१० पर्यटकीय सिजनमा गोरक्सेप, दिङ्वोचे, लोबुचे लगागतका स्थानहरुमा हाई अल्टिच्यूड स्वास्थ्य शिविर तथा क्लिनिक सञ्चालनमा ल्याइने छ ।

७.११ स्वस्थ गाउँपालिका कार्यक्रम अन्तर्गत सबै नागरिकको Health Profile तयार गरिने छ।

७.१२ नागरिक स्वास्थ्य उपचार कोष मार्फत गाउँपालिकामा उपचार हुन नसकेका बिरामीहरुलाई थप उपचारका लागि आवश्यक आर्थिक सहयोगको व्यवस्था गरिने छ।

७.१३ पर्यटकहरुका लागि Altitude Sickness सम्बन्धी अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।

**८. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

८.१ लागु पदार्थ दुर्व्यसन, लैङ्गिक हिंसा तथा बालबिवाह जस्ता गैरकानूनी कृयाकलाप सम्बन्धी समुदाय एवं विद्यालय केन्द्रित कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

८.२ युवाहरुलाई उद्यमशिलता एवं स्वरोजगारी तर्फ आकर्षित गर्न नवप्रवर्तनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

८.३ जेष्ठ नागरिकको सम्मान र ज्ञान सीपको हस्तान्तरणका लागि गाउँपालिका स्तरीय जेष्ठ नागरिक मञ्च गठन गरिने छ ।

८.४ विद्यालय स्तरीय बाल क्लव, वडा स्तरीय बाल क्लव र गाउँपालिका स्तरीय बाल सञ्जाल गठन गरी बालबालिकाका अधिकार संरक्षण, बालविकास तथा बालबालिकाको सहभागितामा अभिबृद्धिमा जोड दिइने छ ।

८.५ अपाङ्गतामैत्री पूर्वाधार निर्माण एवं सामाजिक सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

८.६ महिला, बालबालिका, जेष्ठ नागरिक एवं अपाङ्गता भएका व्यात्तिहरुको अधिकार संरक्षण तथा हकहितको प्रबर्द्धनका लागि समन्वयात्मक रुपमा लक्षित कार्यक्रमहरू सञ्चालन गरिने छ ।

## ९. पूर्वाधार नीति

९.१ योजना कार्यान्वयन क्षमता अभिवृद्धि गर्न प्रशिक्षण,योजना सम्झौता तथा अनुगमन मूल्याङ्कन जस्ता क्रियाकलापलाई समयबद्ध गरिने छ ।

९.२ भौतिक पूर्वाधारको गुणस्तर सुधारका लागि गाउँपालिकामा पूर्वाधार परीक्षण प्रयोगशालाको स्थापना गरिने छ।

९.३ डिमदोर्जी शेर्पा पर्यटन सडकको बाँकी खण्डलाई गाउँपालिका केन्द्रसम्म विस्तार गरी गाउँपालिकालाई सडक सञ्जालमा जोडी उक्त सडकलाई बार्है महिना सञ्चालनमा ल्याइनेछ । सडक स्तरोन्नति तथा शाखा सडक बिस्तार गर्ने कार्य अगाडि बढाइने छ।

९.४ गाउँपालिका भित्रको Mobile Network नपुगेको स्थानमा Mobile Tower स्थापना गर्न NTC/NCELL लगायतका सेवा प्रदायक संस्था सँग आवश्यक समन्वय र सहकार्य गरिने छ। ईण्टरनेट सेवाको विस्तारका लागि नाम्चेदेखि सगरमाथा आधार शिबिरसम्म फाइबर केबल मार्फत ईण्टरनेट सेवा विस्तार गरिने छ ।

९.५ गाउँपालिका, निजी क्षेत्र र दातृ निकायको साझेदारीमा मञ्जो खोला मिनि हाइड्रो र आमाडब्लम मिनि हाइड्रो परियोजना सञ्चालनमा ल्याइने छ । गाउँपालिका स्तरमा छरिएर रहेका लघु जलविद्युत आयोजनाहरुलाई एकत्रित गरी गाउँपालिका स्तरीय संस्थागत संरचना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

९.६ गाउँपालिका भित्र खानेपानी र अग्नी नियन्त्रण प्रणाली जडान गर्नु पर्ने स्थानहरुमा यस आ.व मा पनि निरन्तरता दिईनेछ।

९.७ सगरमाथा पर्यटकीय पदमार्ग निर्माण, स्तरोन्नति तथा सरसफाई कार्यलाई निरन्तरता दिइने छ। उच्च नाका पासहरुमा पदमार्ग स्तरोन्नति, Sign Post र Emergency Shelter को व्यवस्था गरिने छ।

९.८ नागरिक सुरक्षित आबासको अवधारणालाई मूर्त रुप दिन यस आर्थिक वर्षदेखि घर नक्सा पासको कार्यलाई अनिवार्य गरिने छ ।नक्सा पास बिना भौतिक संरचना निर्माणको कार्यमा पूर्णत रोक लगाइने छ ।

९.९ थुक्ला झोलुङ्गे पुल निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न गर्ने व्यवस्था मिलाइने छ ।

९.१० घर नक्सा अभिलेखीकरण कार्यलाई कार्यविधिमा आधारित रही अभियानको रुपमा सञ्चालन गरिने छ ।

९.११ दुङ्दे(चौरीखर्क)-नाङ्बुक(मुसे)-लुक्लालाई हिमाली शहरको रुपमा विकास गर्न विस्तृत परियोजना प्रतिवेदन यसै बर्ष तयार गरी कार्य प्रारम्भ गरिने छ ।

९.१२ खुम्जुङ खुन्दे ढल निर्माण कार्यलाई तदारुकता साथ अगाडि बढाइने छ।

९.१३ लुक्ला ढल तथा प्रशोधन केन्द्र निर्माण कार्य सम्पन्न गर्न जोड दिइने छ।

९.१५ गाउँपालिका स्थित पदमार्गको सरसफाई र मर्मत सम्भारका लागि टोल विकास संस्थालाई जिम्मेवार बनाइने छ ।

९.१६ समय, गुणस्तर, परिमाण र लागतमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बनद्वारा भौतिक पूर्वाधार निर्माणमा तिव्रता प्रदान गरिने छ ।

९.१७ बोसुम-नाउजे(नाम्चे) Rope Way को लागि सम्भाव्यता अध्ययन कार्य अगाडि बढाइने छ।

९.१८ गाउँपालिका र स्थानीय लाभग्राही समुदायको संयुक्त लगानीमा स्थानीय साना जलविद्युतको उत्पादन तथा सञ्चालन व्यवस्थापन एवं इन्टरनेट सेवाको दिगो व्यवस्थापन गर्नका लागि कानुनी एवं संस्थागत व्यवस्था मिलाइने छ।

९.१९ स्थानीय यातायात व्यवस्थापन प्रणालीलाई सुरक्षित र भरपर्दो बनाउन आवश्यक कानुनी तथा संस्थागत व्यवस्था मिलाइने छ ।

९.२० गाउँपालिका भित्रका सबै झोलुङ्गे पुलहरूको मर्मत सम्भार गरी पदयात्रालाई सुरक्षित तुल्याइने छ ।

९.२१ राष्ट्रिय विद्युत प्रशारण लाइनलाई गाउँपालिकाका सबै वडामा विस्तार गर्नका लागि आवश्यक पहल गरिनेछ ।

## १०. वातावरण तथा जलवायु

१०.१ फोहोर व्यवस्थापनका लागि उपयुक्त उपकरण, मानव स्रोत, मेसिनरी औजार प्रयोग गरी फोहोर व्यवस्थापन कार्यक्रम अगाडि बढाइने छ।

१०.२ Eco-club हरुको सक्रीयताको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ र वातावरणीय संरक्षण र प्रबर्द्धनका लागि छात्रछात्राहरुको क्षमता विकास गराउन पहल गरिने छ।

१०.३ आय आर्जन रोजगारी सिर्जना एवं वातावरण संरक्षणलाई अन्तर सम्बन्धित तुल्याइने छ। वृक्षरोपण कार्यक्रमलाई निरन्तरता दिइने छ।

१०.४ जलवायु परिवर्तनको कारण हिमाली क्षेत्रमा देखिएको असर र सो को न्यूनीकरण तथा अनुकुलनका विषयमा विभिन्न निकायसँगको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिने छ।स्थानीयहरूको जनचेतना अभिवृद्धि गर्न थप कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.५ खुम्बु क्षेत्रलाई अनुसन्धानको अध्ययन क्षेत्र बनाई अध्ययन अनुसन्धान गर्ने विश्व विद्यालयसँग सहकार्य गरी समस्या समाधानका उपाय खोजी गरिने छ ।

१०.६ निजी लगानीमा निर्मित शौचालयलाई विशेष प्रोत्साहन प्रदान गरी ट्रेकिङ रुटमा सार्वजनिक शौचालयको रुपमा उपयोगमा ल्याइने छ ।

१०.७ आधार शिविर व्यवस्थापन कार्यविधि, २०८० लाई पूर्णरूपमा कार्यान्वयनमा ल्याईनेछ ।

**११. विपद् व्यवस्थापन**

११.१ खुम्बु क्षेत्रमा हुन सक्ने विपद् जोखिमलाई न्यूनीकरण गर्न र जोखिममा परेकाहरुलाई राहत स्वरुप सहयोग पुऱ्याउन विपद् व्यवस्थापन कोषको व्यवस्था गरिने छ।

११.२ LPG ग्याँसको अवस्था, Gas Shower को सुरक्षा मापदण्ड चेकजाँच, एक्सपाइरी डेट अनुगमन, साथै प्रयोगमा आएको पाईप, रेगुलेटरको अवस्था अनुगमन र सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

११.३ विपद्का घटनाको प्रकार अनुसार जोखिमलाई तत्काल कम गर्ने सामाग्री भण्डारण आवश्यकतालाई महसुश गर्दै वडा स्तरमा आपतकालीन सामाग्री भण्डारणको व्यवस्था मिलाइने छ ।

११.४ विपद् व्यवस्थापनको लागि Radio Set को व्यवस्था मिलाइने छ ।

११.५ विपद जोखिम न्यूनीकरण गर्न Disaster Response Volunteer Team परिचालन गरिने छ। विपद पूर्व तयारी, प्रतिकार्य र उद्धारको लागि आवश्यक तालिम प्रदान गरिने छ।

११.६ आवश्यकता पहिचानको आधारमा थप हेलिप्याडहरु निर्माण गरिने छ। हाल सञ्चालनमा रहेका हेलिप्याडहरुको स्तरोन्नति गरिने छ।

अन्त्यमा यस गाउँपालिकाको चालु आर्थिक वर्षका विकास निर्माण लगायतका कृषि, पशु, शिक्षा, स्वास्थ्य क्षेत्रमा लगनशील भई काम गर्ने कर्मचारी एवं जनसमुदायहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम निर्माणमा विभिन्न माध्यमबाट रचनात्मक सुझाव एवं सहयोग गर्नु हुने सङ्घ तथा प्रदेश सभाका माननीयज्यूहरु, गाउँपालिकाका सल्लाहाकारज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, कर्मचारी लगायत सञ्चारकर्मी, बुद्धिजिवी, स्थानीय समाजसेवी, खुम्बु पासाङल्हामु गाउँपालिकाका सम्पूर्ण जनसमुदाय प्रति हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सबैको सक्रीय सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !

अध्यक्ष

मिङमा छिरी शेर्पा